# पाठ्यक्रम गतिविधि

## चौमासिक बुलेटिन

असार २०६९ वर्ष १५ अङ्क १

**सम्पादकीय**

पाठ्यक्रम विकास केन्द्रले शैक्षणिक क्रियाकलापलाई सहयोग गर्ने सामग्री विकासका अतिरिक्त सहक्रियाकलापहरू पनि आयोजना गर्ने गरेको छ । विद्यार्थीका विभिन्न खाले प्रतिभाको विकासका लागि विद्यालय तहमा भाषा, गणित, विज्ञान, सङ्गीत आदि क्षेत्रमा सहक्रियाकलाप गराउन सके विकसित देशका विद्यार्थीले रोबोट, हेलिकोप्टर रेडियो आदि बनाएका समाचारलाई हाम्रा विद्यार्थीले पनि साक्षात्कार गर्न सक्छन् । विभिन्न खालका सहक्रियाकलापले विद्यार्थीको अन्तर्निहित प्रतिभा प्रस्फुटनमा सहयोग पुऱ्याउने पक्षलाई पाठ्यान्तर गतिविधिका रूपमा यस वर्षदेखि पाठ्यक्रम विकास केन्द्रले विद्यार्थी प्रतिभा पहिचान नामक कार्यक्रम सुरु गरेको छ । भाषा, गणित, विज्ञान र सङ्गीत विषयमा राष्ट्रिय प्रतियोगितामार्फत् प्रतिभा पहिचान गर्ने लक्ष्य भए पनि यस वर्ष विज्ञान र सङ्गीत विधामा प्रतियोगितात्मक प्रतिस्पर्धा गराएर राष्ट्रिय प्रतिभा चयन गरी पुरस्कृतसमेत गरिएको छ । यस्तै यस बुलेटिनमार्फत् चौमासिक अवधिमा केन्द्रले सम्पन्न गरेका कामलगायत अन्य उल्लेख्य पक्षलाई सरोकारवालासमक्ष पुऱ्याउने कार्यको नियमिततास्वरूप यसमा केन्द्रसम्बद्ध अन्य विषयसमेत समेटी यो रूप दिइएको छ । यसलाई अझ स्तरीय र सर्वोपयोगी बनाउन विज्ञ पाठकहरूका रचनात्मक सुझाव, सल्लाह र पृष्ठपोषणको निरन्तर अपेक्षा गरिएको छ ।

## पाठ्यपुस्तक एवम् थप पाठ्यसामग्री प्रयोगसम्बन्धी सूचना

शिक्षा ऐन तथा शिक्षा नियमावलीअनुसार विद्यालयले नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्नुपर्ने व्यवस्था गरेको छ । यस पाठ्यक्रम विकास केन्द्रले विद्यालयमा अध्यापन गराउने पाठ्यपुस्तक तयार गर्ने व्यवस्था पनि रहेको छ । त्यसबाहेक विद्यालयले थप पाठ्यसामग्री तथा पाठ्यपुस्तक पनि प्रयोग गर्न चाहेमा स्वीकृति लिनुपर्ने प्रावधान शिक्षा नियमावली २०५९ को नियम ३५ मा रहेको छ । उक्त प्रयोजनका लागि यस केन्द्रमा स्वीकृतिका लागि पेस भई सूचीकृत भएका थप पाठ्यसामग्री तथा पाठ्यपुस्तकको विवरण प्रकाशन गर्ने गरिएको छ । त्यस्तै, शिक्षा नियमावलीमा विद्यालयले नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम वा पाठ्यपुस्तक तथा अन्य सहयोगी शैक्षिक सामग्री लागू गरे वा नगरेको सम्बन्धमा निरीक्षण तथा अनुगमन गर्ने कार्य सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशनालय र जिल्ला शिक्षा कार्यालयलाई तोकिएको छ । उल्लिखित व्यवस्थाअनुरूप सबै विद्यालयहरूले स्वीकृत पाठ्यक्रम, पाठ्यपुस्तक र आवश्यकताअनुसार थप पाठ्यसामग्रीहरू प्रयोगमा ल्याउनुहुन एवम् सोको प्रभावकारी निरीक्षण एवम् अनुगमन हुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ । शिक्षा ऐन २०२८ (संशोधनसहित), शिक्षा नियमावली २०५९ (संशोधनसहित) अनुसार यस केन्द्रबाट प्रकाशित पाठ्यपुस्तक एवम् स्वीकृत थप पाठ्यसामग्री अद्यावधिक सूची शैक्षिक वर्षको सुरुमै प्रकाशन गर्ने गरिएको छ । शैक्षिक सत्र २०७० देखि लागू हुने गरी सन्दर्भ सामग्रीका रूपमा थप पाठ्यसामग्रीहरू स्वीकृत गर्न चाहनेहरूले २०६९ साल मङ्सिर मसान्तभित्र स्वीकृतिका लागि यस केन्द्रले तोकेको राजस्व जम्मा गरी अन्य आवश्यक कागजातसहित पेस गर्नसमेत अनुरोध छ । मङ्सिर मसान्तपछि कुनै पनि सामग्री पेस गर्नका निम्ति स्वीकृति दिइने छैन । स्वीकृतिका लागि पाठ्यक्रममा उल्लिखित विषय शीर्षकमा पाठ्यसामग्री तयार पारी निवेदन तथा लेखकको व्यक्तिवृत्तसमेत पेस गर्नुपर्ने छ । अभ्यास पुस्तिकाको मूल्याङ्कन गरिने छैन भने पाठ्यसामग्रीमा लेखकको नाम र शैक्षिक योग्यताबाहेक तस्बिर तथा अन्य विवरण राख्न पाइने छैन ।

## आर्थिक वर्ष २०६८/०६९ मा सम्पन्न भएका कार्यहरूको झलक

१. कक्षा ६ को नेपाली, अङ्ग्रेजी, विज्ञान तथा वातावरण शिक्षा, नैतिक शिक्षा, गणित, सामाजिक अध्ययन र जनसङ्ख्या शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा र पेसा, व्यवसाय र प्रविधि शिक्षा तथा संस्कृत विषयका परीक्षण पाठ्यपुस्तक छपाइ तथा वितरण
२. कक्षा ७ को नेपाली, अङ्ग्रेजी, विज्ञान तथा वातावरण शिक्षा, नैतिक शिक्षा, पेसा, व्यवसाय र प्रविधि शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा, सामाजिक अध्ययन र जनसङ्ख्या शिक्षा, गणित र संस्कृत विषयका परीक्षण पाठ्यपुस्तक छपाइ तथा वितरण
३. कक्षा ६ को नेपाली, अङ्ग्रेजी, विज्ञान तथा वातावरण शिक्षा, नैतिक शिक्षा, गणित, सामाजिक अध्ययन र जनसङ्ख्या शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा विषयको शिक्षक निर्देशिका विकास
४. कक्षा ७ को पेसा, व्यवसाय र प्रविधि शिक्षा विषयको शिक्षक निर्देशिका विकास
५. कक्षा ६ को कम्प्युटर विषयको पाठ्यपुस्तक विकास
६. कक्षा ६ को सङ्गीत विषयको पाठ्यक्रम र पाठ्यपुस्तक विकास
७. कक्षा ९ र १० को प्रारम्भिक बाल विकास विषयको पाठ्यपुस्तक अन्तिमीकरण
८. मातृभाषाको गोम्पा (गुम्बा) शिक्षातर्फ कक्षा १० को भोट भाषा र बौद्ध शिक्षा विषयको पाठ्यपुस्तक विकास तथा छपाइ
९. मातृभाषाको मद्रसा शिक्षातर्फ कक्षा २ को उर्दु, अरेबिक, दिनियात, सामाजिक अध्ययन तथा सिर्जनात्मक कला विषयको पाठ्यपुस्तक विकास तथा छपाइ
१०. मातृभाषा शिक्षातर्फ कक्षा २ को मगर भाषा विषयको पाठ्यपुस्तक विकास तथा छपाइ
११. मातृभाषा शिक्षातर्फ कक्षा २ को धिमाल भाषा विषयको पाठ्यपुस्तक विकास तथा छपाइ
१२. मातृभाषा शिक्षातर्फ कक्षा ३ को तामाङ भाषा विषयको पाठ्यपुस्तक विकास तथा छपाइ
१३. मातृभाषा शिक्षातर्फ कक्षा ५ को याक्खा भाषा विषयको पाठ्यपुस्तक विकास तथा छपाइ
१४. गुरुकुल शिक्षातर्फ कक्षा ४ को संस्कृत रचना, संस्कृत व्याकरण, सदाचार शिक्षा, नीतिशास्त्र, नेपाली,सामाजिक अध्ययन तथा सिर्जनात्मक अभिव्यक्ति कला विषयको पाठ्यपुस्तक विकास तथा छपाइ
१५. संस्कृत शिक्षातर्फ कक्षा ७ को संस्कृत व्याकरण, कर्मकाण्ड र संस्कृत भाषा विषयको पाठ्यपुस्तक विकास तथा छपाइ
१६. मातृभाषाको नमुना पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास निर्देशिकाको छपाइ
१७. शान्ति, मानव अधिकार र नागरिक शिक्षा पुस्तिकाको विकास तथा छपाइ
१८. शिक्षा पत्रिका वर्ष २७ अङ्क १ र वर्ष २८ अङ्क १ प्रकाशन
१९. पाठ्यक्रम गतिविधि बुलेटिन वर्ष १३ अङ्क १,२ र वर्ष १४, अङ्क १ प्रकाशन
२०. पाठ्यक्रम तथा पाठ्यसामग्री विकास निर्देशिका २०६८ विकास तथा छपाइ
२१. जिल्ला पाठ्यक्रम समन्वय समिति र क्षेत्रीय पाठ्यक्रम समन्वय कार्यव्यवस्था निर्देशिका २०६१ छपाइ
२२. सक्षमतामा आधारित पाठ्यक्रम तथा पाठ्पुस्तक विकास अध्ययन
२३. निरन्तर विद्यार्थी मूल्याङ्कन (CAS) अभिमुखीकरण कार्यक्रम सञ्चालन
२४. TEVT Soft skill अन्तर्गत कक्षा ६-८ को पाठ्यक्रम र पाठ्पुस्तकमा भएका skill पहिचान
२५. विद्यालय तहका पाठ्यपुस्तकको मूल्य निर्धारण मापदण्ड विकास
२६. राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जन
२७. विपत् व्यवस्थापनसम्बन्धी हाते पुस्तिका विकास तथा छपाइ

## क्षमता विकासका लागि तालिम

पाठ्यक्रम विकास केन्द्रका कर्मचारीहरूका लागि सक्षमता विकास गर्ने उद्देश्यले २०६९ साल असार ७ गतेदेखि ११ गतेसम्म ५ दिने तालिम धुलिखेलमा आवासीय रूपमा सम्पन्न गरियो । उक्त तालिममा सक्षमतामा आधारित पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गर्दा विषयगत र कक्षागत रूपमा सक्षमता समावेश गर्ने तरिकाबारे तालिम दिइएको थियो । त्यस्तैगरी कक्षागत सक्षमता भनेको के हो ? गरिखाने र सीपमूलक पक्षलाई कसरी समावेश गर्ने ? शिक्षण गर्दा कसरी प्रभावकारी बनाउने ? आदि विषयमा पनि स्वदेशी तथा विदेशी विशेषज्ञहरूद्वारा तालिम दिइएको थियो । तालिममा कक्षागत सक्षमताअन्तर्गत समष्टिमा सञ्चार सीप, अन्तरवैयक्तिक सीप, सदाचार सीप, स्वरोजगार सीप, स्वावलम्बी सीप, नेतृत्वदायी सीप, सामाजिक सीप, मूल्यमान्यतामा आधारित सीपबारे छलफल भएको थियो । यस्तै पठनपाठनका क्रममा व्यावसायिक सीपलाई व्यावहारिक ढङ्गले लागू गर्न सक्ने सक्षमता र विधिबारे पनि अन्तरक्रिया भएको थियो ।

## सक्षमतामा आधारित पाठ्यक्रम तथा पाठ्यक्रममा साधारण व्यावसायिक सीपको समाविष्टतासम्बन्धी कार्यशाला गोष्ठी

पाठ्यक्रम विकास केन्द्रले आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८), २०६७ र सोही पाठ्यक्रमअनुसार तयार पारिएका कक्षा ६ र ७ का पाठ्यपुस्तक परीक्षण गरेका १८ जिल्लाका विद्यालय निरीक्षक तथा स्रोत व्यक्तिका लागि सक्षमतामा आधारित पाठ्यक्रम र पाठ्यक्रममा सामान्य व्यावसायिक सीप (Soft skills) को समाविष्टतासम्बन्धी दुई दिने अभिमुखीकरण कार्यशाला सञ्चालन गऱ्यो । पश्चिमाञ्चल विकास क्षेत्रको पोखरामा २०६९ असार २१ र २२ गते सञ्चालित उक्त कार्यशालामा केन्द्रका कार्यकारी निर्देशक खगराज बराल तथा उपनिर्देशकहरूले प्रशिक्षण गर्नुभयो । गोष्ठीमा १८ जिल्लाका एकएक विद्यालय निरीक्षक र स्रोतव्यक्तिको सहभागिता थियो ।

## निरन्तर विद्यार्थी मूल्याङ्कनसम्बन्धी अभिमुखीकरण कार्यशाला सम्पन्न

पाठ्यक्रम विकास केन्द्रले कक्षा १-३ मा सम्पूर्ण पाठ्यभार बराबर, कक्षा ४-५ मा ५० प्रतिशत र कक्षा ६-७ मा ४० प्रतिशत पाठ्यभारको विद्यार्थी उपलब्धि मूल्याङ्कनका लागि असारको अन्तिम साता धनकुटा, रसुवा, कपिलवस्तु, बाँके, डडेल्धुरा र कास्की जिल्लामा पाँच दिने निरन्तर विद्यार्थी मूल्याङ्कनसम्बन्धी अभिमुखीकरण कार्यशाला सम्पन्न गऱ्यो । कार्यशालामा सदरमुकाम आसपासका २५ विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरूको सहभागिता थियो । अभिमुखीकरणपश्चात् पोर्टफोलियो तथा निरन्तर विद्यार्थी मूल्याङ्कनका साधन विकासका लागि विद्यालयलाई केही रकम विनियोजनसमेत गरिएको छ ।

यसैगरी दाङको रामपुर, कपिलवस्तुको गोरुसिङे र काभ्रेपलाञ्चोकको नाला स्रोतकेन्द्रमा निरन्तर विद्यार्थी मूल्याङ्कनको नमुना स्रोतकेन्द्रका रूपमा गत वर्षदेखि अघि बढाइएको कार्यक्रमलाई सहयोग पुऱ्याउन यसवर्ष स्रोतकेन्द्रअन्तर्गतका प्रधानाध्यापक तथा निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यक्रम सञ्चालन गर्ने स्थानीय तथा अन्तरराष्ट्रिय गैरसरकारी संस्थाका प्रतिनिधि समेतलाई समेटी दुई दिने अनुभव आदानप्रादन तथा अभिमुखीकरण कार्यशाला आयोजना गरियो । प्रत्येक स्रोतकेन्द्रमा ३५/३५ जना सहभागी रहेको उक्त कार्यशालापछि विषयगत साधनलगायत निरन्तर विद्यार्थी मूल्याङ्कनका लागि अन्य शैक्षिक सामग्री विकास गर्ने प्रत्येक स्रोतकेन्द्रलाई ३/३ लाख बजेट विनियोजन गरिएको छ ।

**विद्यालय तह कक्षा ९-१२ को साधारण तथा संस्कृत, शिक्षातर्फको पाठ्यक्रम संरचना (नेपाल सरकारबाट स्वीकृत मिति २०६९।१।२१)**

| क्र.सं. | विषय | कक्षा ९ र १० | | कक्षा ११ र १२ | | |
|---|---|---|---|---|---|---|
| | | पाठ्यभार | पूर्णाङ्क | पाठ्यभार | कार्य अनुभव | पूर्णाङ्क |
| १ | नेपाली | ५ | १०० | ३ | - | ५० |
| २ | अङग्रेजी | ५ | १०० | ५ | - | १०० |
| ३ | गणित | ५ | १०० | - | - | - |
| ४ | प्रायोगिक गणित | - | - | ३ | १ | ५० |
| ५ | विज्ञान | ५ | १०० | - | - | - |
| ६ | सामाजिक अध्ययन | ५ | १०० | - | - | - |
| ७ | स्वास्थ्य, जनसङ्ख्या र वातावरण | ५ | १०० | - | - | - |
| ८ | समसामयिक अध्ययन | - | - | ३ | १ | ५० |
| ९ | ऐच्छिक पहिलो | ५ | १०० | ५ | १ | १०० |
| १० | ऐच्छिक दोस्रो | ५ | १०० | ५ | १ | १०० |
| ११ | ऐच्छिक तेस्रो | - | - | ५ | १ | १०० |
| १२ | ऐच्छिक चौथो | - | - | ५ | १ | १०० |
| | जम्मा | ४० | ८०० | ३४ | ६ | ६५० |

- ऐच्छिक विषयको हकमा कक्षा ९ र १० मा अलगअलग समूबाट एकएक विषय गरी दुई विषय लिनुपर्ने व्यवस्था गरिएको छ । कक्षा ९ र १० मा दिइएका विषय क्षेत्रअन्तर्गतका ऐच्छिक पहिलो र दोस्रोका विषयहरूको छनोट विद्यालयले गर्ने छ ।
- कक्षा ११ र १२ मा विषयको प्रकृतिअनुसार ऐच्छिक समूहअन्तर्गत विषयहरू रहने छन् ।
- विद्यार्थीको चाहना, आवश्यकता, उपलब्ध शिक्षक तथा स्रोतसाधनअनुसार ऐच्छिक विषय छनोट गर्नुपर्ने छ ।
- कक्षा ९-१२ मा वेदविद्याश्रम र संस्कृत विद्यालयहरूले स्वास्थ्य, जनसङ्ख्या र वातावरण विषयको सट्टा संस्कृत भाषा विषय अध्ययन अध्यापन गर्न सक्ने छन् ।
- कार्य अनुभवमा तोकिएको पाठ्यभारअनुसार विद्यार्थीले सिकेका सैद्धान्तिक पक्षलाई व्यावहारिक पक्षसँग प्रयोग गर्ने हिसाबबाट प्रयोगात्मक कार्यमा सहभागी गराइने छ र उक्त कार्यको मूल्याङ्कन पाठ्यक्रमले तय गरेको योजनाअनुसार गरिने छ ।

## कक्षा ६ र ७ का पाठ्यक्रम तथा पाठ्यपुस्तक परीक्षण जिल्ला र विद्यालय विवरण

| क.सं | जिल्लाको नाम | विद्यालयको नाम |
|---|---|---|
| १ | झापा | १. पशुपति माध्यमिक विद्यालय, बाहुनडाँगी<br>२. ढुकुरपानी उच्च माध्यमिक विद्यालय, ढुकुरपानी, दमक<br>३. बाल निकुञ्ज उच्च माध्यमिक विद्यालय, सतासीधाम<br>४. चन्द्रभानु ज्योति माध्यमिक विद्यालय, पृथ्वीनगर<br>५. प्रगति माध्यमिक विद्यालय, जुरेपानी<br>६. सरस्वती उच्च माध्यमिक विद्यालय, सरुङ्गा<br>७. विराट निम्न माध्यमिक विद्यालय, गरामनी |
| २ | सोलुखुम्बु | १. जनजागृति निम्न माध्यमिक विद्यालय<br>२. दूधकुण्ड हिमाल उच्च माध्यमिक विद्यालय<br>३. जुनबेसी माध्यमिक विद्यालय<br>४. गार्मा माध्यमिक विद्यालय, गार्मा<br>५. सिंहकाली उच्च माध्यमिक विद्यालय, तिङ्ला |
| ३ | धनकुटा | १. जाल्पादेवी उच्च माध्यमिक विद्यालय, पाखीवास<br>२. चुलाचुली उच्च माध्यमिक विद्यालय, ताङ्खुवा<br>३. निम्न माध्यमिक विद्यालय,पारीपाल्ले, उतरपानी, बेलाहारा<br>४. देउराली निम्न माध्यमिक विद्यालय, सान्ताङ<br>५. ग्रामीण जनता उच्च माध्यमिक विद्यालय,नाम्जे, भेडेटार |
| ४ | धनुषा | १. निम्न माध्यमिक विद्यालय, लालगढ<br>२. माध्यमिक विद्यालय, मुजेलिया<br>३. माध्यमिक विद्यालय, रुपैठ बेल्ही<br>४. निम्न माध्यमिक विद्यालय, सखुवा बजार<br>५. सङ्कटमोचन उच्च माध्यमिक विद्यालय, जनकपुर |
| ५ | काभ्रेपलाञ्चोक | १. आजाद उच्च माध्यमिक विद्यालय, बनेपा<br>२. सिर्जनशील जनता उच्च माध्यमिक विद्यालय, मादनकुँडारी<br>३. महाकाली उच्च माध्यमिक विद्यालय,नयाँ गाउँ देउपुर<br>४. सर्वमङ्गला उच्च माध्यमिक विद्यालय, पाँचखाल<br>५. उमा सहशिक्षालय माध्यमिक विद्यालय, चण्डेनी<br>६. विनायक बाल निम्न माध्यमिक विद्यालय बडालगाउँ<br>७. सपनेश्वर माध्यमिक विद्यालय, टुकुचा |

| | | |
|---|---|---|
| ६ | मकवानपुर | १. सेती गणेश निम्न माध्यमिक विद्यालय, पालुङ<br>२. जाल्पादेवी माध्यमिक विद्यालय, आमभन्ज्याङ<br>३ ज्ञानदा माध्यमिक विद्यालय, हेटौंडा<br>४. आ.रा. उच्च माध्यमिक विद्यालय, हेटौंडा<br>५. प्रतिभा निम्न माध्यमिक विद्यालय, पदमपोखरी<br>६. जनप्रिय उच्च माध्यमिक विद्यालय, हटिया<br>७. महेन्द्र उच्च माध्यमिक विद्यालय, छतिवन |
| ७ | रसुवा | १. डाँडागाउँ उच्च माध्यमिक विद्यालय, डाँडागाउँ<br>२. कालिका हिमालय उच्च माध्यमिक विद्यालय, कालिकास्थान<br>३. शिवालय निम्न माध्यमिक विद्यालय, लहरेपौवा<br>४. रसुवा उच्च माध्यमिक विद्यालय<br>५. श्यामेवाङ्गफेल उच्च माध्यमिक विद्यालय, स्याफ्रुबेसी |
| ८ | उपत्यका<br>काठमाडौं | १. फर्पिङ उच्च माध्यमिक विद्यालय, दक्षिणकाली<br>२. कालिकाशरण उच्च माध्यमिक विद्यालय, लप्सीफेदी<br>३. मङ्गलोदय माध्यमिक विद्यालय, थानकोट<br>४. रत्नराज्य माध्यमिक विद्यालय, रामकोट<br>५. नव जागृति निम्न माध्यमिक विद्यालय, बौद्ध<br>६. ग्राम शिक्षा निम्न माध्यमिक विद्यालय, बालुवा |
| ९ | काठमाडौं उपत्यका<br>ललितपुर | १ किटिनी उच्च माध्यमिक विद्यालय, गोदावरी<br>२ यशोधरा बौद्ध माध्यमिक विद्यालय, थैना<br>३ जनउदय निम्न माध्यमिक विद्यालय, सैबु |
| १० | काठमाडौं उपत्यका<br>भक्तपुर | १ वागेश्वरी उच्च माध्यमिक विद्यालय, च्यामासिंह<br>२ कन्या माध्यमिक विद्यालय, तेखापखु |
| ११ | गोरखा | १ भीमोदय उच्च माध्यमिक विद्यालय, आरुघाट<br>२ जीवनज्योति उच्च माध्यमिक विद्यालय, च्याङ्ली<br>३ ज्ञानोदय उच्च माध्यमिक विद्यालय, घ्याल्चोक<br>४. सिद्धस्थानी निम्न माध्यमिक विद्यालय, ताक्लुङ<br>५. नवज्योति माध्यमिक विद्यालय, डन्डीडाँडा<br>६. बालमन्दिर निम्न माध्यमिक विद्यालय, छहरे<br>७. ताङ्ली चोक माध्यमिक विद्यालय, ताङ्लीचोक |
| १२ | पाल्पा | १ सत्यवती माध्यमिक विद्यालय, सत्यवती<br>२ भैरव नवदीप उच्च माध्यमिक विद्यालय, छहरा<br>३ जनता नमुना उच्च माध्यमिक विद्यालय, तानसेन<br>४. मस्याम उच्च माध्यमिक विद्यालय, मस्याम<br>५. रविकिरण निम्न माध्यमिक विद्यालय, पीपलडाँडा<br>६. गणपति उच्च माध्यमिक विद्यालय, विरकोट<br>७. रामतुलसी उच्च माध्यमिक विद्यालय, रामपुर |

| | | |
|---|---|---|
| १३ | कपिलवस्तु | १. बाडागाउँ उच्च माध्यमिक विद्यालय, सिद्धिपुर<br>२. सिद्धार्थ निम्न माध्यमिक विद्यालय, गजेडा<br>३. गौरीभवन निम्न माध्यमिक विद्यालय, गजेडा<br>४. शान्ति निम्न माध्यमिक विद्यालय, ढुङ्गहवा<br>५. दुर्गा भवानी निम्न माध्यमिक विद्यालय, कर्महाना |
| १४ | दाङ | १. उच्च माध्यमिक विद्यालय, मौरीघाट<br>२. शङ्कर निम्न माध्यमिक विद्यालय, पिपरी<br>३. निम्न माध्यमिक विद्यालय, पाखापानी<br>४. सर्वोदय उच्च माध्यमिक विद्यालय, सिसहनिया<br>५. श्री माध्यमिक विद्यालय, सोनपुर<br>६. श्री माध्यमिक विद्यालय, फल्कापुर<br>७. आदर्श उच्च माध्यमिक विद्यालय, लालमटिया |
| १५ | बाँके | १. जनता उच्च माध्यमिक विद्यालय,सन्तकोटी, वागेश्वरी<br>२. लक्ष्मी उच्च माध्यमिक विद्यालय, कन्चनपुर<br>३. माध्यमिक विद्यालय, महेन्द्रनगर, भवानीयापुर<br>४. मङ्गलप्रसाद उच्च माध्यमिक विद्यालय, नेपालगन्ज<br>५. सहिद स्मारक माध्यमिक विद्यालय, कम्दी |
| १६ | सुर्खेत | १. ने.रा.निम्न माध्यमिक.विद्यालय, वीरेन्द्रनगर<br>२. जनज्योति उच्च माध्यमिक विद्यालय, बड्डीचौर<br>३. सूर्य प्रकाश उच्च माध्यमिक विद्यालय, पलैटे<br>४. शिखर उच्च माध्यमिक विद्यालय, रामघाट<br>५. अमरज्योति उच्च माध्यमिक विद्यालय, नेवारे<br>६. चन्द्रज्योति निम्न माध्यमिक विद्यालय, चन्द्रपुर<br>७. ने.रा. उच्च माध्यमिक विद्यालय, बत्रडाखोली |
| १७. | डडेल्धुरा | १. घटाल उच्च माध्यमिक विद्यालय, नुवाकोट<br>२. दुर्गा उच्च माध्यमिक विद्यालय, आलिताल<br>३. भागेश्वर उच्च माध्यमिक विद्यालय, कटाल<br>४. अजयमेरू निम्न माध्यमिक विद्यालय, रोल्ली<br>५. मष्टावैजनाथ निम्न माध्यमिक विद्यालय, डाँडावन |
| १८. | कन्चनपुर | १ श्रीकृष्ण उच्च माध्यमिक विद्यालय, कृष्णपुर<br>२ उदयदेव माध्यमिक विद्यालय, सुन्दरपुर<br>३ वैजनाथ उच्च माध्यमिक विद्यालय, महेन्द्रनगर<br>४. निङलासैनी उच्च माध्यमिक विद्यालय, गोरवैया<br>५. बालावालेश्वरी निम्न माध्यमिक विद्यालय, बुद्धबस्ती |

## प्रतिभा पहिचान

पाठ्यक्रम विकास केन्द्रद्वारा विद्यालयस्तरीय प्रतिभा पहिचान कार्यक्रमअन्तर्गत विद्यालयस्तरमा नियमित अध्ययनरत छात्रा छात्राहरूको प्रतिभा पहिचान गर्ने र प्रस्तुत भएका प्रतिभामध्ये उत्कृष्ट ठहरिएका प्रत्येक विधाका उत्कृट प्रतिभालाई पुरस्कृत गर्ने उद्देश्यले यस वर्ष विज्ञान र सङ्गीत गरी दुई विधामा प्रतिभाको खोजी कार्यक्रम सञ्चालन गरियो । ७५ जिल्ला शिक्षा कार्यालयले जिल्लामा उक्त कार्यक्रम सञ्चालन गरी उत्कृष्ट ठहरिएकालाई क्षेत्रीय शिक्षा निर्देशनालयमा सहभागी गराउने गरी पठायो । यसरी आ-आफ्नो जिल्लाबाट छनोट भइआएका प्रतिभाबीच पाँचआटै क्षेत्रीय निदेशनालयले प्रतियोगिता सञ्चालन गरी आ-आफ्नो क्षेत्रका उत्कृष्ट दुई विधाका दुईदुईजना छात्रछात्रालाई राष्ट्रिय स्तरमा सञ्चालन हुने विद्यार्थी प्रतिभा पहिचान कार्यक्रममा सहभागी गराउने गरी छनोट गऱ्यो । यसरी छनोट भइआएका प्रतिभामध्ये सर्वोत्कृष्ट प्रतिभा छनोटका लागि पाठ्यक्रम विकास केन्द्रले कार्यक्रम सञ्चालन गरेको थियो । यस कार्यक्रमको उद्घाटन माननीय शिक्षा मन्त्री श्री दीनानाथ शर्माले उद्घाटन गर्नुभएको थियो । विज्ञान विषयमा

१० जना र सङ्गीतमा १० जना प्रतियोगी सहभागी विद्यार्थीबाट प्रतियोगितामा सामेल गराई उत्कृष्ट ठहरिएकालाई विज्ञान विधाको सर्वोकृष्टलाई रु.३३,३३३ र सङ्गीततर्फ रु.३३,३३३ पुरस्कार प्रदान गरिएको थियो । यसमा सहभागी अन्य सबैलाई रु.२५०० का दरले सान्त्वना पुरस्कारहरू शिक्षा सचिव श्री किशोर थापा र पाठ्यक्रम विकास केन्द्रका कार्यकारी निर्देशक श्री खगराज बरालले संयुक्त रूपमा नगद पुरस्कार र प्रमाणपत्रसहित प्रदान गर्नुभएको थियो । मिति २०६९।३।१२ गते नेपाल प्रज्ञा प्रतिष्ठानको सभा हलमा सञ्चालन उक्त प्रतियोगितामा सहभागी र सर्वोत्कृष्ट विद्यार्थीको नतिजा निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ :

**विज्ञानतर्फ**

| क्रसं | विद्यार्थीको नाम | विद्यालयको नाम र ठेगाना | पुरस्कार विवरण |
|---|---|---|---|
| १ | श्री पवित्रा भुजेल | श्री सिंहदेवी उच्च माध्यमिक विद्यालय, दमक, झापा | सान्त्वना पुरस्कार |
| २ | श्री अनुशिला राई | श्री सुनाखरी एकेडेमी, धरान, सुनसरी | सान्त्वना पुरस्कार |
| ३ | श्री रामु खत्री | श्री बाल व्यावसायिक केन्द्र माध्यमिक विद्यालय, सिफल, काठमाडौं | सान्त्वना पुरस्कार |
| ४ | श्री सन्जोक लामिछाने र दीक्षा बिस्ट | श्री बाल जागृति इङ्लिस स्कुल, मकवानपुर | सान्त्वना पुरस्कार |
| ५ | श्री तालाङ्क बराल | श्री रत्न ज्योति माध्यमिक विद्यालय, कास्की | **सर्वोकृष्ट पुरस्कार** |
| ६ | श्री कौसल सुवेदी | श्री कालीगण्डकी एकेडेमी, पर्वत | सान्त्वना पुरस्कार |
| ७ | श्री सुरज पुनमगर | श्री ग्रिनपिस एकेडेमी, बाँके | सान्त्वना पुरस्कार |
| ८ | श्री अपिल नेपाली | श्री एस. ओए. स., सुर्खेत | सान्त्वना पुरस्कार |
| ९ | श्री प्रदीप धामी | श्री सरस्वती उच्च माध्यमिक विद्यालय, गेटा, कैलाली | सान्त्वना पुरस्कार |
| १० | श्री लोकेश भट्ट | श्री सरस्वती उच्च माध्यमिक विद्यालय, गेटा, कैलाली | सान्त्वना पुरस्कार |

**सङ्गीततर्फ**

| क्र.सं. | विद्यार्थीको नाम | विद्यालयको नाम र ठेगाना | पुरस्कार |
|---|---|---|---|
| १ | श्री रोशिमा राई | श्री सुनाखरी एकेडेमी, धरान, सुनसरी | सान्त्वना पुरस्कार |
| २ | श्री सुजन शङ्कर | श्री विद्यावर्धन इङ्लिस बार्डिङ स्कुल, पाँचथर | सान्त्वना पुरस्कार |
| ३ | श्री शारती लामा | श्री सक्कल भवन कन्या उच्च माध्यमिक विद्यालय, धनुषा | सान्त्वना पुरस्कार |
| ४ | श्री सपत शाक्य | श्री लिटिल एन्जलस् माध्यमिक विद्यालय, हात्तीवन, ललितपुर | सान्त्वना पुरस्कार |
| ५ | श्री सफल राना | श्री आधारभूत माध्यमिक विद्यालय, स्याङ्जा | सान्त्वना पुरस्कार |
| ६ | श्री शान्ति विश्वकर्मा | श्री भूमेश्वरी माध्यमिक विद्यालय, कास्की | सान्त्वना पुरस्कार |
| ७ | श्री रश्मी रावत | श्रीकृष्ण संस्कृत तथा साधारण माध्यमिक विद्यालय, सुर्खेत | सान्त्वना पुरस्कार |
| ८ | श्री अन्जु बिष्ट | श्री शारदा उच्च माध्यमिक विद्यालय, सल्यान | सान्त्वना पुरस्कार |
| ९ | श्री अनुप बिष्ट | श्री सत्यवादी उच्च माध्यमिक विद्यालय, भोपुर, बझाङ | सान्त्वना पुरस्कार |
| १० | श्री सुरज ताम्राकार | श्री उग्रतारा उच्च माध्यमिक विद्यालय, पोखरा, डडेलधुरा | **सर्वोकृष्ट पुरस्कार** |

## पाठ्यक्रम विकास केन्द्रबाट आर्थिक वर्ष ०६८/०६९ मा सरुवा भई गएका तथा आएका कर्मचारीहरूको विवरण

| क्र.सं. | नाम थर | पद | कुन संस्थाबाट आएको | कुन संस्थामा गएको |
|---|---|---|---|---|
| १. | श्री खगराज बराल | कार्यकारी निर्देशक | शिक्षा विभाग | |
| २. | श्री दिनेशकुमार श्रेष्ठ | उपनिर्देशक | - | जिल्ला शिक्षा कार्यालय, बर्दिया |
| ३. | डा. आनन्द पौडेल | उपनिर्देशक | - | शैक्षिक जनशक्ति विकास केन्द्र |
| ४. | श्री दिनानाथ गौतम | उपनिर्देशक | - | जिल्ला शिक्षा कार्यालय काभ्रेपलाञ्चोक |
| ५. | श्री डिल्लीराम लुइँटेल | उपनिर्देशक | परीक्षा नियन्त्रण कार्यालय | — |

| | | | | |
|---|---|---|---|---|
| ६. | डा. बालकृष्ण रन्जित | उपनिर्देशक | शैक्षिक जनशक्ति विकास केन्द्र | |
| ७. | श्री दिनेश खनाल | उपनिर्देशक | जिल्ला शिक्षा कार्यालय, रोल्पा | |
| ८. | श्री विष्णुदेवी पौडेल | शाखा अधिकृत | | राष्ट्रिय योजना आयोग |
| ९. | श्री नारायणप्रसाद रिसाल | लेखा अधिकृत | | सामान्य प्रशासन मन्त्रालय |
| १०. | श्री नेपालहरि रानाभाट | पाठ्यक्रम अधिकृत | | जिल्ला शिक्षा कार्यालय, जुम्ला |
| ११. | श्री श्यामसिंह धामी | पाठ्यक्रम अधिकृत | | जिल्ला शिक्षा कार्यालय, अछाम |
| १२. | श्री विश्वनाथ आचार्य | लेखा अधिकृत | | तरकारी विकास निर्देशनालय, ललितपुर |
| १३. | श्री स्मिता नेपाल | पाठ्यक्रम अधिकृत | | शैक्षिक तालिम केन्द्र, भोजपुर |
| १४. | श्री हरिप्रसाद निरौला | पाठ्यक्रम अधिकृत | परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी | |
| १५. | श्रीहरि श्रेष्ठ | कला अधिकृत | मुद्रण विभाग | |
| १६. | हेमराज पोखरेल | पाठ्यक्रम अधिकृत | शैक्षिक तालिम केन्द्र, रुपन्देही | |
| १७. | श्री श्यामकृष्ण थापा | लेखा अधिकृत | कोष तथा लेखा नियन्त्रण कार्यालय पाल्पा | |
| १८. | श्री इन्द्रबहादुर लुङ्गेली | लेखा अधिकृत | तरकारी विकास निर्देशनालय, ललितपुर | |
| १९. | श्री बाबुराम कारखेती | पाठ्यक्रम अधिकृत | शिक्षा मन्त्रालय | |
| २०. | श्री प्रकाश सापकोटा | उपसचिव | जिल्ला शिक्षा कार्यालय, काठमाडौँ | |
| २१. | श्री योगेश थापा | कम्प्युटर सहायक | लोक सेवा आयोगबाट नयाँ नियुक्ति | |
| २२. | श्री कुलदीप जङ्गबहादुर गुरुङ | सहायक इलुस्ट्रेटर | लोक सेवा आयोगबाट नयाँ नियुक्ति | |
| २३ | श्री दीपेन्द्रमान बनेपाली | सहायक डिजाइनर | लोक सेवा आयोगबाट नयाँ नियुक्ति | |
| २४. | श्री भुवन पाण्डे | नायब सुब्बा | | सहकारी कार्यालय, ललितपुर |
| २५. | श्री विदुर लामिछाने | खरिदार | | परीक्षा नियन्त्रण कार्यालय |
| २६. | श्री माधव पौडेल | खरिदार | परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी | लोक सेवा आयोगमा नायब सुब्बामा बढुवा भई गएको |

**प्रधान सम्पादक** : खगराज बराल
**सम्पादन समूह** : गणेशप्रसाद भट्टराई, हरिप्रसाद निरौला, लोकप्रकाश पण्डित
**कम्प्युटर सेटिङ** : अनिता मिश्र
**प्रकाशक** : पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर
**फोन. नं.** : ६६३०५८८, ६६३४११९ फ्याक्स : ६६३०७९७
**Email** : cdc@ntc. net.np. URL :www.moescdc.gov.np
**Noticeboard:** १६१८०१६६३०७९७